# पाखो डाँडा नै मुख्य आयस्रोतको आधार

-शिव कुमार काशी, रासस



२०५९ सालमा मकवानपुरमा आएको बिध्वंसकारी बाढी र पहिरोले क्षत बिक्षत बनाएपछि राक्सिराङ गाविस वडा नं ८ निगुरेटारका बासिन्दा इन्तु न चिन्तु बनेका थिए । कारण थियो-पाखा पखेरा सबै पहिरामा परेका थिए। एकबोट मकै रोप्ने न त ठाउँ थियो, न त ठाउँ भएको स्थानमा मकै रोप्ने जाँगर नै पलाएको थियो । गाउँका सबैजना मानिसहरु बरु गाउँ नै छाडेर अन्यत्रै सर्ने योजनामा थिए। राजमार्गछेउतिर गएर बस्न पाइयो भने कम्तीमा ज्यालामजदुरी गरेर त खान पाइन्छ भन्ने ध्याउन्नमा थिए उनीहरु ।

नाङ्गो पाखो जग्गामा बाढीपहिरोले क्षति पुर्‍याएको जग्गाको मुनितिर घर बनाएर बसिरहेका निगुरेटारका बासिन्दाको लागि ती दिनहरु सुनौला बन्न पुगे। जतिखेर पाखो र हैसियत बिग्रिएको खोरियाहरुमा अन्नबाली होइन केरा, अम्रिसो लगायतका बोटबिरुवा रोप्नुपर्छ भनेर मनहरी विकास संस्था नेपाल (एमडीआई नेपाल) का प्रतिनिधिहरु निगुरेटार पुगे ।



अम्रिसो, भुइँकटहर रोप्ने र पाखो खोरियाहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने अबधारणालाई पत्याएनन् । अहिले निगुरेटार कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष समेत भएका सजिवन चेपाङ भन्छन्-'खान नपाएर नुनपानी पिउँदै बसेका हामीहरुले खोरियामा केरा र अम्रिसो लगाएर कसरी पेट भर्न सक्छौं भनेर पत्याएनौं ।' तर पछि धेरै आग्रहपछि मनहरी विकास संस्थाले उपलब्ध गराएको २०० बोट केरा सजिवन चेपाङले खोरियामा लगाए ।

एकवर्ष पनि बित्न नपाउँदै सजिवन चेपाङले गाउँबाटै केरा बेच्न थाले। दशैंका बेला त एकै दिन २ हजार रुपियाँसम्म केरा बेचेपछि सजिवन मखख परे । दशैंमा आफैले पनि केरा खान पाए भने दशैं खर्च पनि केराले नै टारिदियो ।

सजिवन चेपाङले केराखेतीबाट पैसा कमाएको, अनिकाल टारेको र दशैं पनि मनाएको देखेपछि भने निगुरेटारका अन्य चेपाङहरु पनि केरा खेती गर्नुपर्छ भनेर एकजुट हुन थाले। त्यसपछि पाखो र हैसियत बिग्रिएका खोरियाहरुमा टनक्कै केरा, अम्रिसो, भुँइकटहर रोपेपछि सुध्रियो निगुरेटारका बासिन्दाको दिनचर्या र आर्थिक हैसियत ।



निगुरेटारका रमेश चेपाङले निगुरेटार सहकारी संस्थाले व्यवस्थापन गरेको र युएनडिपी साना अनुदान कार्यक्रम र गरिवी निबारण कोषको सहयोगमा प्राप्त रकमलाई घुम्तीकोष निर्माण गरी ऋण प्रबाह गर्न थालेपछि यसपटक १० हजार बोट अम्रिसो पाखो खोरियामा लगाएका छन् । त्यसैगरी एकहजार बोट केरा, १० हजार बोट भुँइकटहर पनि रोपेका छन् । गतबर्षहरुमा रोपेका अम्रिसो, केरा र भुँइकटहरहरुले राम्रो फाइदा लिएकाले उनले यसपटक परिमाण बढाएर पाखापखेरामा फलफुल तथा डालेघाँसल लगाएका हुन् ।

थोरै परिश्रम र मिहेनतमा आयआर्जन गर्न सकिने भएकाले केरा, अम्रिसो र भुँइकटहर रोपिएको रमेशले बताए । गतवर्ष उनले ३० हजार रुपियाँको अम्रिसोको कुचो बेचे । भुँइकटहर बेचेर ८० हजार रुपियाँ कमाए । त्यसैमाथि खसी बेचेर आएको रकम थपथाप पारे । निगुरेटार सहकारीबाट पनि ऋण लिए । एकमुष्ट रकमले उनले अहिले मनहरीबजार नजिकै प्याङ्चेमा घडेरी किनेका छन् । मनहरी ३ मा ५ कट्ठाजति खेत किनेका छन् । ‘पाखो जग्गामा गरेको खेतीले महँगा जग्गा किन्न सफल भए’-रमेशले भने-‘साना अनुदान कार्यक्रमले ल्याएको अवधारणा र गरिवी निबारण कोषको पैसाले हामीलाई निकै फाइदा गर्‍यो ।’

अहिले यो रकमले निगुरेटार सामुदायिक संस्थाका सबै ४२ जना सदस्यले मौरीघार किनेर राखेका छन् । केही सदस्यले माछापालन गरेर आम्दानी लिएका छन् गाउँमै रहेको निगुरेटार सहकारीमा बचत गर्नेगरेका छन् । सामुदायिक संस्थाले यसवर्ष बृक्षरोपनलाई प्राथमिकता दिएको संस्थाका अध्यक्ष मनवहादुर चेपाङले बताए । निगुरेटारका बासिन्दाको जीवन नै उथलपुथल पार्ने गरी गरिएको केरा, अम्रिसो, भुँइकटहर लगायतका फलफुल खेतीले अहिले सबैलाई फाइदा पुर्‍याएको छ । उनीहरुले खोरियाको पनि संरक्षण हुने र फाइदा पनि हुने भएकाले कृषिवनलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् ।